# माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल)ज्यूले पद बहाली गरेको १०० दिन भित्र भएका मुख्य उपलब्धिहरु

## १. ६ बर्षे कार्य योजना तयारी

महालेखा परीक्षकले आफ्नो कार्यकालमा गर्ने कार्यहरु समेटी ६ वर्षे कार्ययोजना २०७४ - २०८० तयार गरी प्रकाशन गरिएको छ । यो कार्य योजना अंग्रजीमा समेत रुपान्तरण गरिएको छ । उक्त कार्य योजनामा नेपालको संविधानले महालेखा परीक्षकवाट गरेको अपेक्षा मूताविकको विश्वसनीय र गुणस्तरीय लेखापरीक्षणको माध्यमवाट देशमा सुशाासन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउन गर्नुपर्ने कार्यहरुलाई ६ विभिन्न क्लष्टरमा राखी तयार गरिएको छ । कार्ययोजनाले संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चार संग सम्बन्धीत ११० क्रियाकलापहरु निर्धारण गरिएको छ । उक्त कार्ययोजना नेपाली र अंग्रजी दुवै भाषामा कार्यालयको वेवसाईटमा उपलव्ध छ ।

उक्त कार्ययोजनामा बहुदाताकोषले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेअनुरुप आयोजना प्रतिबेदन तयारी गरिएको छ । उक्त आयोजना अर्न्तगत कार्ययोजनाका क्रियकलाप सञ्चालन गर्नको लागि ४५ मिलियन यु. एस डलर सहयोग उपलव्ध हुने व्यबस्था रहेको छ । बहुदाताकोष बाहेक Governance Facilities, UNDP, लागयतबाट समेत सहयोग गर्ने प्रतिबद्धता व्यक्त भएको छ । कार्ययोजना नेपाल सरकारका पदाधिकारीहरु र व्यबस्थापिका संसद सार्बजनिक लेखा समितिलाई समेत जानकारी गराईएको र सबैबाट कार्यान्वयनको लागि सहयोग गर्ने प्रतिबद्धता प्राप्त भएको छ । सय दिनको अबधिमा उक्त कार्ययोजनाको कार्यान्वयन सर्न्दभमा देहायबमोजिमका कार्यहरु भएका छन् ।

- संगठन संरचनामा फेरबदल गरी निरीक्षण तथा अनुगमन र सूचना तथा सञ्चार इकाईको गठन गरिएको छ । संघ,प्रदेश र स्थानीय संरचना अनुरुपको प्रदेश तहसम्म कार्यालय स्थापना गरी स्थलगत लेखापरीक्षण गर्न संगठन र व्यवस्थापन सर्वेक्षण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- केन्द्रको कार्यालय भवन निर्माण कार्य आरम्भ, केन्द्रिय निकाय र जिल्ला तहमा लेखापरीक्षण डोर कार्यालयको व्यवस्था गर्न, कार्यालयलाई आवश्यक सवारीसाधन, फर्निचर, कार्यालय सामग्रीहरुको आवश्यक व्यवस्था गर्न भौतिक पूर्वाधार आवश्यकता निर्धारण समिति गठन गरीएको छ । कर्मचारी सुबिधा अध्ययन समितिले कार्यालयका कर्मचारीहरुलाई बर्तमान परिपेक्ष्यमा दिन सकिने सुबिधा पहिचान गरी केहि सुबिधाहरु थप्ने प्रयास भएको छ ।
- कर्मचारीहरुको अनुशासन, आचरण तथा लेखापरीक्षकको आचारसंहिता पालना लगाएतका विषयहरुमा संवोधन गर्न अनुगमन संयन्त्र बनाइएको छ ।
- लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुमा समयमा सम्वन्धीत निकायहरुसंग छलफल गर्ने, लेखापरीक्षणबाट प्राप्त कैफियत तथा संवेदनशिल विषयहरुलाई जिम्मेवार पदाधिकारीहरुबाट तत्कालै सुधार गर्न वा फछ्र्यौट गर्न पहल गर्ने कार्य प्रणाली सुधार गरिदै रहेको छ ।

- विद्यमान ऐन कानूनका कमजोरीहरु, लिमा तथा मेक्सिको घोषणापत्र अनुरुपका व्यवस्थाहरुको आधारमा लेखापरीक्षण ऐन संशोधन तथा लेखापरीक्षण नियमावली तर्जुमा कार्य अगाडि बढाइएको छ ।
- स्थानीय तहको लेखापरीक्षण गर्न लेखापरीक्षण निर्देशिका तयारी, संगठित संस्थाहरुको लेखापरीक्षण कार्यको अनुगमन गर्ने, सूचना प्रणालीमा आधारित विधि तथा पद्दतीको अबलम्बन गरी लेखापरीक्षण गर्ने कार्य, निकायगत लेखापरीक्षण प्रतिवेदनमा आवश्यक सुधार गर्ने कार्यको सुरुवात गरिएको छ ।
- सार्वजनिक निकायहरुमा वित्तीय अनुशासन तथा जवाफदेहिता अभिवृद्धि गर्न जोखिम समूहमा कार्यालयको वर्गीकरण, बेरुजू फछ्र्यौट उदासिन पदाधिकारीको अभिलेख तयारी गर्न आवश्यक कार्यारम्भ गरिएको छ । सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेवारी दिनु पर्दा आर्थिक अनुशासन वित्तीय जवाफदेहिता पालनको स्तर समेतको आधार लिने व्यवस्था मिलाउने कार्य सुरुवात भएको छ । साथै बित्तिय जबाफदेहिता मुल्याँकन गर्न कार्यालयको ग्रेडिङ गर्ने प्रकृयाको थालनी भएको छ ।
- संवैधानिक निकाय, सार्वजनिक लेखा समिति लगाएतका Oversight निकायहरु संग निरन्तर समन्वय, छलफल तथा सुझाव कार्यान्वयन सुरुवात भएको छ । लेखापरीक्षण सल्लाहकार समितिको वैठक आरम्भ गरी प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने तथा वैठक निरन्तर रुपमा बसी आवश्यक पृष्ठपोषण लिने व्यवस्था सुरुवात गरिएको छ ।
- वित्तीय व्यवस्थापन तथा आर्थिक अनुशासन, सार्वजनिक कोषको उपयोगको अवस्थाको बारेमा आमसंचार माध्यममार्फत जनतामा सुसुचित गराउन गोष्ठी, अन्तरक्रिया, छलफल लगायतका कार्यहरु संचालन गरिएको छ ।

## २. समितिहरु गठन

महालेखा परीक्षकको कार्ययोजना (२०७४-२०८०) बमोजिम कार्यालयको क्षमता अभिवृद्धि, स्वतन्त्रता, कार्यवातावरण सुधार र कर्मचारीको उत्प्रेरणा अभिवृद्धि गर्न आवश्यक सुझाब तथा स्रोत साधन सिफरिश गर्न देहाय बमोजिमका समितिहरु गठन गरिएको छ ।

| सि.न | समिति | गठन भएको मिति |
|---|---|---|
| १ | संगठन तथा व्यवस्थापन सर्बेक्षण समिति | २०७४।०२।१७ |
| २ | स्रोत साधन व्यवस्थापन सर्बेक्षण समिति | २०७४।०२।१७ |
| ३ | कर्मचारी सुबिधा अध्ययन समिति | २०७४।०२।२१ |
| ४ | भवन निर्माण अनुगमन तथा निरीक्षण समिति | २०७४।०२।२१ |
| ५ | लेखापरीक्षण नियमावली मस्यौदा समिति | २०७४।०३।०५ |
| ६ | लेखापरीक्षण सेबा सञ्चालन मस्यौदा समिति | २०७४।०३।०५ |

उक्त समितिहरु मध्ये संगठन तथा व्यवस्थापन सर्बेक्षण तथा स्रोत साधन व्यवस्थापन सर्बेक्षण समितिले दरबन्दी निर्धारण, प्रदेशस्तरमा कार्यालय खोल्ने प्रस्ताव, संघीय ढांचा अनुरुप कार्यालयको पुर्नसंरचना गरी काम अन्तीम चरणमा पुऱ्याएको छ । कर्मचारी सुबिधा अध्ययन समितिले कार्यालयका कर्मचारीहरुलाई बर्तमान परिपेक्ष्यमा दिन सकिने सुबिधा पहिचान गरी प्रतिबेदन बुझाईसकेको र सो समितिले सिफारिश गरेका केही बिषयहरु कार्यान्वयन गरी सकिएको छ । भबन निर्माण अनुगमन तथा निरीक्षण समितिले निरन्तर रुपमा भबन निर्माणको काम अनुगमन गरेको छ । लेखापरीक्षण नियमावली र सेवा सञ्चालन नियमावली तर्जूमाको काम भैरहेको छ ।

## ३. कार्यालयको ५९औं वार्षिकोत्सव

२०७४ साल असार १५ गते कार्यालय स्थापनाको ५९औं वार्षिकोत्सव सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौंमा भव्यरुपमा मनाईयो । उक्त अवसरमा माननीय अर्थमन्त्री, संवैधानिक निकायका प्रमुखहरु तथा पदाधिकारीहरु, नेपाल सरकारका सचिवहरु तथा अन्य कर्मचारीहरु, विभिन्न संगठित संस्था, बोर्ड, समिति, प्राधिकरण, विश्वविद्यालयका तथा कार्यालयका कर्मचारीहरु र आमसञ्चार माध्यमका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । वार्षिकोत्सव मनाउन माननीय महालेखा परीक्षकज्यूको नेतृत्वमा पारदर्शिता, जवाफदेहिता, सुशासन, सार्वजनिक श्रोतसाधनको महत्तम उपयोग, सेवा प्रवाहमा सुधारसंग सम्वन्धित विषहरु उल्लेखित प्लेकार्ड र बाजागाजा सहित भृकुटीमण्डप देखि कमलादीसम्म प्रभातफेरी गरिएको थियो । उक्त कार्यक्रममा कार्यालयका उत्कृष्ट काम गर्ने ५ जना कर्मचारीलाई पुरस्कृत गरिएको तथा भूतपूर्व महालेखापरीक्षक श्री भानुप्रसाद आर्चायलाई सम्मान गरिएको थियो ।

## ४. सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया

४.१ वित्तीय अनुशासन र आर्थिक प्रशासनका सम्वन्धमा २०७४ असार ०२ गते महालेखा परीक्षक र नेपाल सरकारका मुख्य सचिव तथा नेपाल सरकारका सबै सचिवहरुसंग छलफल कार्यक्रम सम्पन्न भएको थियो । उक्त छलफल कार्यक्रममा देहाय बमोजिमका निर्णयहरु भएका छन् ।

- आन्तरिक लेखाप्रणालीलाई प्रभावकारी बनाउन महालेखा नियन्त्रकको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, महालेखापरीक्षकको कार्यालय र अर्थ मन्त्रालयका राजपत्रांकित प्रथम श्रेणीका पदाधिकारीहरु संलग्न एक समिति गठन गर्ने ।
- नेपाल सरकारका सचिव, विभागीय प्रमुख र एक अर्ब भन्दा बढी रकमको आयोजना प्रमुख जस्ता पदमा विशेष जिम्मेवारी दिंदा महालेखापरीक्षकको कार्यालयबाट वित्तीय अनुशासन पालनाको विवरण लिई वित्तीय जवाफदेहिता पालना स्तर समेतको आधार लिने ।

४.२ महालेखापरीक्षकज्यूबाट २०७४ असार ०६ गते सार्वजनिक संस्थानको लेखापरीक्षण गर्ने लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा लेखापरीक्षण गर्दा संस्थाको उद्देश्य हासिल भए नभएको, सेवाप्रवाह प्रभावकारी र विश्वसनिय भए नभएको, स्रोत र साधनको महत्तम उपयोग भए नभएको, वित्तिय अनुशासनको परिपालना भए नभएको परीक्षण गर्नुपर्ने र लेखापरीक्षण ऐनमा उल्लेखित विषयको पूर्ण पालना गरी लेखापरीक्षण गर्न निर्देशन दिनु भएको थियो ।

४.४ महालेखापरीक्षकज्यूबाट २०७४ असार ०७ गते महालेखापरीक्षकको परामर्शमा नियूक्त भएका लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न गरी लेखापरीक्षण गर्दा संस्थाको उद्देश्य हासिल भए नभएको, व्यवस्थापकका कारण संस्थालाई घाटा परे नपरेको, प्रशासनिक खर्च के कारणले बढेको, सेवाप्रवाह प्रभावकारी र विश्वसनिय भए नभएको, संस्थाका सम्पत्तिहरुको उपयूक्त व्यवस्थापन भए नभएको, वित्तिय अनुशासनको परिपालना भए नभएको सम्वन्धमा परीक्षण गर्नुपर्ने र लेखापरीक्षण ऐनमा उल्लेखित विषयको पूर्ण पालना गरी लेखापरीक्षण गर्न निर्देशन दिनु भएको थियो ।

४.५ महालेखापरीक्षकज्यूबाट २०७४ असार ०८ गते नेपाल चाटर्ड एकाउन्टेन्ट संस्था, नेपाल अडिटर्स एशोसिएसन र नेपाल चाटर्ड एकाउन्टेण्ट्स संघका पदाधिकारीहरुसँग सार्वजनिक लेखापरीक्षण, नेपाल वित्तीय प्रतिवेदनमान, लेखापरीक्षणमान, राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रममा लेखापरीक्षण गर्दा संस्थाको उद्देश्य र नतिजालाई ध्यान दिने, लेखापरीक्षकले गर्नुपर्ने आचरणमा ध्यान दिई पेशागत जिम्मेवारी बहन गर्न र त्यसका लागि नेपाल चाटर्ड एकाउन्टेन्ट संस्थाले नियमनकारी भूमिकालाई प्रभावकारी बनाउन महालेखापरीक्षकले निर्देशन दिनुभएको थियो ।

४.६ महालेखापरीक्षकज्यूबाट २०७४ असार ०९ गते संवैधानिक निकाय, नेपाल सरकारका मन्त्रालय र विभागका लेखाप्रमुखहरु सँग लेखा, लेखापरीक्षण र सम्परीक्षणका विषयहरुमा छलफल तथा अन्तरक्रिया गरी आर्थिक कारोवारको लेखा राख्दा वस्तुपरक तवरले राख्नुपर्ने, आन्तरिक लेखा परीक्षणको गुणस्तर अभिवृद्धि गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली सुधार गर्नुपर्ने, लेखा राख्दा लेखाका सिद्धान्त, मानदण्ड, विद्यमान नीति निर्देशनको पूर्णपालना गर्नुपर्ने, पेशागत इमान्दारीता र जिम्मेवारी बोध हुनुपर्ने, वित्तीय प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र जवाफदेही बनाई वित्तीय सुशासनको प्रत्याभूत गर्न आवश्यक निर्देशन दिनुभएको थियो ।

४.७ महालेखापरीक्षकज्यूबाट २०७४ असार २१ गते राष्ट्रिय बिमा संस्थान र राष्ट्रिय बिमा कम्पनी लिमिटेडका प्रमुख र लेखाप्रमुखहरुसँग छलफल गरी राष्ट्रिय बिमा संस्थानले ०६६/६७ देखि लेखापरीक्षण नहुनु गम्भिर विषय रहेको उल्लेख गर्दै सोको लेखापरीक्षण भाद्र मसान्तसम्म सम्पन्न गर्नका लागि आवश्यक कार्ययोजना ल्याउन निर्देशन दिनुभएको थियो ।

४.८ महालेखापरीक्षकज्यूबाट २०७४ असार २५ गते नेपाल सरकारका अर्थ सचिव, राजस्व सचिव, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयका सचिव र महालेखा नियन्त्रक कार्यालयका सह-महालेखा नियन्त्रकहरुसँग बेरुजू फछ्र्यौटका विषयहरुमा छलफल कार्यक्रम सम्पन्न भएको

थियो । कार्यक्रममा बेरुजू फछ्र्यौट समयमा गर्ने, संस्थानहरुको लेखापरीक्षण समयमा सम्पन्न गर्न मन्त्रालयको तहवाट आवश्यक कार्य गर्ने, राजश्व बक्यौता असुलीलाई प्राथमिकता दिने र सोधभर्ना हुनुपर्ने रकम समयमा नै सोधभर्ना लिने, सरकारी निकायको वित्तिय विवरण समयमा तयार गरी आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने सम्वन्धमा छलफल भयो । यसै गरी स्थानिय तहको लेखापालन र लेखा ढाँचा सम्वन्धमा रहेको अस्पष्टता अन्त्य गर्दै लेखापरीक्षणका विषयमा सहयोग गर्न र वित्तिय प्रशासनलाई चुस्त, पारदर्शी बनाउन आवश्यक समन्वयात्मक ढंगले अगाडि बढ्नुपर्ने कुरा उल्लेख भयो ।

४.९ महालेखा परीक्षकज्यूबाट २०७४ असार २६ गते नागरिक लगानी कोषका अध्यक्ष र लेखापरीक्षण गर्न नियूक्त लेखापरीक्षकहरुसंग लेखापरीक्षणका समसामयिक विषयमा छलफल गरी नागरिक लगानी कोषको लेखापरीक्षण लामो समयदेखि नहुनु गम्भिर विषय भएको बताउदै सात दिन भित्र लेखापरीक्षणको कार्ययोजना बमोजिम लेखापरीक्षण कार्य गर्न कोषका अध्यक्षलाई निर्देशन दिनुभएको थियो । त्यसैगरी विमा समितिका अध्यक्ष, कार्यकारी प्रमुखसंग विमा व्यवसाय तथा यसको नियमन र राष्ट्रिय विमा संस्थानको लेखापरीक्षण नभएको विषयमा छलफल भई विमा समितिले कानून बमोजिम आफ्नो अनुगमन कार्यलाई प्रभावकारी बनाउनुपर्ने तथा लामो समयदेखि लेखापरीक्षण हुन नसकेको राष्ट्रिय विमा संस्थानको लेखापरीक्षण कार्य भाद्र मसान्त भित्र सम्पन्न गर्न आवश्यक अनुगमन तथा निर्देशन दिनुपर्ने जरुरी रहेको कुरा बताउनु भएको थियो ।

४.१० महालेखा परीक्षकज्यूबाट २०७४ श्रावण ३ गते नेपाल धितोपत्र बोर्डका अध्यक्षलाई बोर्डको कार्य क्षेत्र भित्र पर्ने संस्थानहरुको नियमनलाई प्रभावकारी बनाउने, समयमै लेखापरीक्षण गर्ने स्थिति तयार गरी त्यस्ता निकायको संस्थागत सुशासन, वित्तीय अनुशासन र पारदर्शीता प्रबर्द्धन गर्ने कार्यमा ध्यान दिन निर्देशन दिनुभयो । लामो समयसम्म तोकिए बमोजिम लेखापरीक्षण नगराउने निकायको शेयर कारोबार रोक्का गर्ने तथा धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम र कानुनी व्यवस्थालाई समयसमपेक्ष र स्पष्ट बनाउने तर्फ समेत बोर्डको ध्यानाकृष्ठ गर्नुभएको थियो ।

४.११ महालेखा परीक्षकज्यूबाट त्रिभूवन विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्ष एवम् नेपाल खानेपानी संस्थानका अध्यक्ष र कायम मुकायम महाप्रवन्धक बीच लेखापरीक्षणका विषयमा छुट्टाछुट्टै छलफल कार्यक्रम सम्पन्न भएको थियो । महालेखा परीक्षकबाट त्रिभूवन विश्वविद्यालयको केन्द्रिय कार्यालय, परिक्षा नियन्त्रण कार्यालय, त्रि.वि. शिक्षण अस्पताल लगायत त्रि.वि. का आंगिक क्याम्पसहरुमा धेरै समय देखि लेखापरीक्षण नहुनु प्रचलित कानुन विपरित रहेको, विश्वविद्यालयमा हुने आर्थिक कारोवारको अभिलेखनलाई लेखापालनका मान्य सिद्धान्त, विद्यमान ऐन, कानून बमोजिम चुस्तदुरुस्त राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण समयमा नगराएको विषयमा गम्भीर ध्यानाकर्षण भएको बताउनु भएको थियो । विगतको लेखापरीक्षण गराउन बाँकी रहेका श्रेस्ता लेखापरीक्षण गराउने कार्ययोजना तीन दिन भित्र प्रस्तुत गरी यथाशिघ्र लेखापरीक्षणको तयारी गर्न निर्देशन दिनु भएको थियो । यसै गरी महालेखा परीक्षकबाट नेपाल खानेपानी संस्थानमा आर्थिक वर्ष २०६९/७० देखिको लेखापरीक्षण गर्न

लेखापरीक्षक नियुक्ति गरी पठाएकोमा हाल सम्म वित्तीय विवरण पेश नगरेको र लेखापरीक्षण सम्पन्न नगराएको विषय गम्भीर भएकोले तत्काल सुधार गर्न निर्देशन दिनु भएको थियो ।

४.१२ महालेखा परीक्षक र नेपाली सेनाका प्रधान सेनापति बिच २०७४ भाद्र ४ गते नेपाली सेनाको लेखा व्यवस्थापन, बेरुजू तथा लेखापरीक्षणका विषयमा छलफल भएको थियो । उक्त अवसरमा महालेखा परीक्षकबाट नेपाली सेनाको वित्तीय व्यवस्थापन थप व्यवस्थित बनाई संगठनमा वित्तीय जवाफदेहिता सुदृढ गर्नुपर्ने र लेखापरीक्षणबाट औंल्याएका बेरुजूलाई समयमा नै फछ्र्यौट गर्नुपर्ने बिषय तर्फ ध्यानाकर्षण गराउँदै वित्तीय सुशासन कायम गर्न प्रचलित ऐन, नियमको पालना गरी खर्च लेखाङ्कनमा विशेष ध्यान दिन जरुरी रहेको बताउनुभयो ।

४.१३ यूएसएडका फिलिपिन्स स्थित Reginal Inspector General, Manila (RIG/Manila) का Inspector General Matthew A Laird संग २०७४ श्रावण २५ गते बैठक सम्पन्न भयो । उक्त बैठकमा अमेरिकन सरकारको सहयोगमा सञ्चालित आयोजनाहरुको लेखापरीक्षण सम्बन्धमा छलफल भएको थियो । यसपटक देखि उक्त लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयले गर्ने र USAID को तर्फबाट क्षमता बिकास प्रयोजनको लागि सहयोग गर्ने सहमती भयो ।

४.१४ ACCA का उपाध्यक्ष Mr. Lea Lee ले महालेखापरीक्षकज्यू संग भेट गरी उक्त संस्था र महालेखापरीक्षकको कार्यालय बीच गर्न सकिने सहयोग सम्बन्धमा छलफल भएको थियो ।

४.१५ नेपाल सरकारका मुख्य सचिबहरुबीच समयसमयमा भेटघाट एबं लेखापरीक्षणसंग सम्वन्धीत विषयमा छलफल भएको छ । पशुपति क्षेत्र बिकास कोषका अध्यक्षसंग पनि लेखापरीक्षण सम्बन्धमा छलफल भएको थियो ।

## ५. सुचना तथा सञ्चार

महालेखापरीक्षकको कार्यालयका गतिबिधि दर लेखापरीक्षणसंग सम्बन्धीत बिषयहरु सरोकारबाला बीच नियमितरुपमा प्रकाशन गरी जानकारी गराउने उद्देश्यले आषाढ, २०७४ देखि लेखापरीक्षण बुलेटिन नियमितरुपमा प्रकाशन गर्न शुरुवात गरिएको छ । यसैगरी लेखापरीक्षण र कार्यालयका गतिबिधि सम्बन्धमा जानकारी दिने उद्देश्यले नियमितरुपमा प्रेस बिज्ञप्तीहरु प्रकाशन गर्ने व्यवस्था मिलाईएको छ ।

लेखापरीक्षणको प्रभाब अभिबृद्धि गर्नको लागि सुचना तथा सञ्चारको महत्वलाई मध्यनजर राख्दै महालेखा परीक्षकज्यूबाट विभिन्न मितिमा नेपाल टेलिभिजनको परिसंवाद, माउण्टेन टेलिभिजन, हिमालय टेलिभिजन, नयाँ पत्रिका फेसवुक लाइभहरु लगायतमा अर्न्तवार्ता दिनुभएको थियो । साथै राष्ट्रिय दैनिक, कारोवार दैनिक, नयाँ पत्रिका, हिमालयन टाइम्स, आर्थिक दैनिकहरुमा लेखापरीक्षण विषयक अर्न्तवाता दिनुभई प्रकाशित भएको छ ।

## ५. लेखापरीक्षणको नियमन

लेखापरीक्षण ऐन २०४८ को दफा ७(२) को व्यवस्था अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थाहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्दा महालेखा

परीक्षकको परामर्श लिनु पर्ने व्यवस्था छ । नेपाल सरकारको अधिकांश शेयर स्वामित्वको नेपाल स्टक एक्सचेन्जको पूर्ण स्वामित्व भएको सि.डि.एस एण्ड क्लियरिङ्ग लि. र नेपाल सरकारको अधिकांश शेयर स्वामित्वमा रहेको बुटवल धागो कारखाना लि. को क्रमशः २०६७/६८ देखि २०७२/७३ सम्म र २०५९/६० देखि २०७२/७३ सम्मको लेखापरीक्षण गर्दा उल्लेखित कानूनी व्यवस्था विपरीत हुने गरी लेखापरीक्षक नियुक्तीगरी लेखापरीक्षण गरेको पाईयो । यसरी कानून विपरीत लेखापरीक्षक स्वीकार गर्ने उपर कारबाही गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र कानुन बमोजिम उपरोक्त आर्थिक वर्षहरुको लेखापरीक्षण गराउन सम्बन्धित संस्थाहरुलाई महालेखा परीक्षकको तर्फबाट निर्देशन दिईएको छ ।

**६. लेखापरीक्षण प्रकृया सुधार**

लेखापरीक्षणको गुणस्तर अभिबृद्धि गर्नको लागि देहाय बमोजिम कार्यप्रणाली एबं प्रकृयामा सुधार गरिएको छ ।

- बार्षिक लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने मन्त्रालयगत बिषयहरु पहिचान गरिएको छ । मुख्यरुपले लेखापरीक्षण गर्दा नतिजा वा उद्देश्य प्राप्तीमा ध्यान दिने नीति रहेको छ । बिभिन्न मन्त्रालयको कार्यप्रकृयासंग सम्बन्धीत ६२ बिषयहरु समेटेर सामयीक लेखापरीक्षण गरिएको छ ।
- बक्यौताको लेखापरीक्षण २०७४ भाद्रमसान्त भित्र सम्पन्न गर्ने गरी टोली परिचालन एबं अनुगमन गरिएको छ ।
- बार्षिक योजना मुताबिक यसबर्ष सबै कार्यालयको लेखापरीक्षण गर्ने नीति निर्धारण गरिएको छ ।
- नेपालको संबिधान बमोजिम स्थानिय तहको समेत लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई प्राप्त भएको सर्न्दभमा तत्काल कार्यालयको जनशक्तिले सबै स्थानीय तहको लेखापरीक्षण गर्न सम्भब नहुने हुदां करारमा अनुभवी बिशेषज्ञ लिएर लेखापरीक्षण गर्ने प्रकृया शुरुवात गरिएको छ ।
- स्थानीय तहको लेखापरीक्षण गर्न स्थानिय तह लेखापरीक्षण निर्देशिका तयारी अन्तीम चरणमा पुगेको छ ।
- स्थानीयतहको बित्तीय जबाफदेहिता र लेखापरीक्षण सम्बन्धमा स्थानिय तहका पदाधिकारीहरुलाई सचेतना जगाउने उद्देश्यले आयोजना गरिएको प्रदेश नं ३ र ४ को कार्यक्रममा महालेखापरीक्षकज्यू र प्रदेश नं ६ मा उप महालेखा परीक्षक सहभागी हुनु भई बित्तिय व्यबस्थापनलाई सुदृढ बनाउन सञ्चालन गर्नुपर्ने क्रियाकलापको बारेमा जानकारी गराउनु भएको थियो ।
- सुपरीबेक्षण र अनुगमन लेखापरीक्षणको अभिन्न अंग भएकोले यसलाई जोड दिने उद्देश्यले बेग्लै निरीक्षण अनुगमन निर्देशनालय गठन गरिएको छ र उक्त निर्देशनालयमा जनशक्ति व्यवस्थापन गरी काम समेत शुरु भैसकेको छ ।
- सुपरीवेक्षण तथा अनुगमनलाई व्यवस्थित गर्न सुपरीवेक्षण तथा अनुगमन निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईएको छ ।

- कार्यालयबाट सम्पन्न लेखापरीक्षणका ५० फाईलहरु छनौट गरी स्वतन्त्र टोली मार्फत गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ । उक्त पुनरावलोकनमा देखिएका ब्योहरा समाबेश गरी प्रतिबेदन तयार हुने क्रममा रहेको छ । यसबर्ष केही जटिल जोखिमयुक्त निकायहरुमा Pre Issuance Review समेत गरिने योजना रहेको छ ।
- कार्यालयका कर्मचारीहरुलाई सुचनामा सहज पहुंच बनाउन एबं निर्देशन तथा परिपत्रहरुको उपयोग गरी लेखापरीक्षणमा एकरुपता ल्याउन र गुणस्तर सुधार गर्न डिजिटल सरकुलर प्रणाली डिजाईन गरी प्रयोगमा ल्याईएको छ ।
- लेखापरीक्षणको गुणस्तरियता अभिबृद्धि गर्न राजस्ब, सुचना प्रबिधि लगायतका क्षेत्रमा बिशेषज्ञ सेवा लिईएको छ ।
- लेखापरीक्षण प्रतिबेदनमा स्बदेश बिदेश सबै क्षेत्रबाट पहुंच होस भन्ने उद्देश्यले अंग्रेजी भाषमा समेत अनुबाद गरी बेभसाईटमा राखिएको छ ।
- लेखापरीक्षण बिधेयक, २०७३ ब्यबस्थापिका संसदमा पेश भैसकेको तर लेखापरीक्षणलाई गुणस्तरीय एबं प्रभाबकारी बनाउन केही बिषयहरु छुटेको हुदां संशोधन गर्नपर्ने स्थिति देखिएकोले पहल भैरहेको छ ।

## ७. भौतिक पूर्वाधार व्यवस्थापन

- कार्यालयका कर्मचारीहरुलाई काम गर्न आवश्यक न्यूनतम स्थान पनि नभएको सर्न्दभमा अनामनगरमा कार्यालयको जग्गामा रहेको एक भबनमा सार्बजनिक संस्थान र कार्यामुलक महानिर्देशनालयलाई व्यवस्थापन गरेर तालिम हल निर्माण गर्ने पहल भैरहेको छ ।
- कार्यालयका गतिबिधि अनुगमन गर्न सहज होस भन्ने उद्येश्यले उपमहालेखापरीक्षक तहबाट अनुगमन गर्ने गरी सिसिटिभि राखिएको छ ।
- कार्यालयमा सबारी साधनको अभाब भएकोले राजस्व अनुसन्धान बिभागबाट जफत भएका ७, निर्बाचन आयोगबाट १ र अर्थ मन्त्रालयबाट १ गरी ९ सबारी साधन हस्तान्तरण गरी प्राप्त गरिएको र मर्मत सभ्भार गरी सञ्चालन गर्ने क्रममा रहेका छन् ।

## ८. सार्वजनिक लेखा समितिका सभापति तथा सदस्य र माननीय महालेखा परीक्षकबीच छलफल

सार्वजनिक लेखा समितिमा २०७४ असार २८ गते लेखापरीक्षण र महालेखा परीक्षकको भावी कार्ययोजनाको विषयमा छलफल सम्पन्न भएको थियो । उक्त अवसरमा सदस्यहरुले देशको संघिय ढाँचा अनुरुप संविधान प्रदत्त अधिकार बमोजिम प्रभावकारी रुपमा आफ्नो कार्य गर्ने, विगतका महालेखा परीक्षकको प्रतिवेदनहरुमा औल्याइएका बेरुजूहरु फछ्र्यौट गर्न आवश्यक कार्ययोजना बनाउने, लेखापरीक्षण हुन नसकेका संस्थाहरुको लेखापरीक्षण गर्न आवश्यक कार्य गर्ने, लेखापरीक्षण प्रक्रियामा सरोकारवाला पक्षहरुको पनि संलग्नता रहने व्यबस्था मिलाउने, विगतमा धेरै बेरुजू देखिएका निकायहरुमा छुटै कार्ययोजना बनाएर लेखापरीक्षण गर्ने,

लेखापरीक्षण गर्दा जिम्मेवार पदाधिकारीको पहिचान गरी निजलाई नै जवाफदेही बनाउने गरी कार्य गर्न सार्वजनिक लेखा समितिवाट निर्देशन भयो । सोही अवसरमा लेखापरीक्षण र यसवाट औल्याइएका कैफियतलाई नतिजामूलक बनाउन सार्वजनिक लेखा समिति, कार्यकारी निकाय र महालेखा परीक्षकवीच समन्वय  कायम हुनुपर्ने, लेखापरीक्षण कार्य स्वतन्त्र रुपमा गर्नसक्ने अवस्था सृजना गर्नुपर्ने आवश्यकता महसुस गरियो । छलफल कार्यक्रममा महालेखा परीक्षकज्यूबाट महालेखा परीक्षकको कार्यालयले आर्थिक अनुशासन र वित्तिय उत्तरदायित्वका सम्वन्धमा संसदप्रति जिम्मेवार रहेको कुरा उल्लेख गर्दै आफूवाट जारी ६ वर्षे कार्ययोजना अनुरुप लेखापरीक्षण कार्य प्रभावकारी बनाउदै वित्तिय पारदर्शिता मार्फत आर्थिक सुशासन कायम गर्न आवश्यक कार्य गर्ने जानकारी गराउनु भयो ।

९. **सर्वोच्च लेखापरीक्षण संस्थाहरुको नेतृत्व र सरोकारवालाहरु बीचको अन्तराष्ट्रिय बैठकमा सहभागिता**

सामाजिक तथा आर्थिक क्रियाकलापका लागि संयुक्त राष्ट्र संघीय विभाग (यु.एन.डि.ई.एस.ए.) र ईन्टोसाई डेभलपमेन्ट ईनिसियटिभ (आई.डि.आई.) ले संयुक्तरुपमा जुलाई २० र २१, २०१७ मा संयुक्त राष्ट्र संघ मूख्यालय न्यूयोर्कमा "दीगो विकास लक्ष्य कार्यान्वयनकोलागि तयारी विषयको लेखापरीक्षण (Auditing Preparedness for the Implementation of the Sustainable Development Goals) " विषयमा छलफल गर्न आयोजना गरेको बैठकमा महालेखापरीक्षकज्यूले भाग लिनु भयो । बैठकले दीगो विकास लक्ष्य हासिल गर्ने सम्वन्धमा सरकारहरुले गर्ने कार्यको मूल्यांकन गरी आवश्यक सुधार गर्न सार्वजनिक क्षेत्रको लेखापरक्षिणले महत्वपूर्ण भूमिका खेल्न सक्ने विषयमा छलफल भयो ।

उक्त बैठकमा विभिन्न मूलुकका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुखहरु, संयुक्त राष्ट्र संघका विभिन्न एजेन्सीका प्रतिनिधिहरु र सार्वजनिक जवाफदेहिता र पारदर्शिताको क्षेत्रमा काम गर्ने विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

बैठकको सिलसिलामा उपस्थित भारतका महालेखा नियन्त्रक तथा परीक्षक श्री शशीकान्त शर्मा, भुटानका महालेखा परीक्षक Dasho Tshering Kezang, दक्षिण अफ्रिकाका महालेखा परीक्षक Mr. Kimi Makwetu, कुवेतको State Audit Bureau का Acting President Mr. Adel Abdulaziz Al-Sarawi, फिलिपिन्सको कमिसन अन अडिटका अध्यक्ष Mr. Michael G. Aguinaldo, क्यानाडाको महालेखा परीक्षकको कार्यालयकी वातावरण तथा दीगो विकास आयुक्त Ms. Julie Gelfand, र INTOSAI General Secretariat प्रतिनिधि Ms. Silke Steiner तथा अन्य प्रतिनिधिहरुसंग आपसी हित र सहयोगका विषयमा छलफल भएको थियो । साथै भ्रमणको क्रममा न्यूयोर्क स्थित नेपाली महावाणिज्य दूतावासको समेत अवलोकन गरिएको थियो ।

## १०. संचार माध्यमका प्रतिनिधिहरु बीच अन्तर्क्रिया

महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणको विधि, प्रक्रिया र लेखापरीक्षणको नतिजा तथा लेखापरीक्षणको प्रभाव बढाउन संचार माध्यमको भूमिका विषयमा संचार माध्यमहरु संग धुलीखेल, काभ्रेमा २०७४ श्रावण १४ र १५ गते अन्तरर्क्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा महालेखा परीक्षकको जिम्मेवारी, दायित्व, लेखापरीक्षण गर्दा अपनाउने मानदण्ड, निर्देशिकाहरु, बेरुजू, सम्परीक्षण, महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएका प्रमुख विषयहरु, महालेखा परीक्षकको कार्ययोजना (२०७४-२०८०), सार्वजनिक लेखा समितिको कार्यप्रक्रिया र भूमिका र सार्वजनिक वित्तिय प्रशासनका विविध पक्षहरुमा संचारकर्मीहरुलाई जानकारी गराइएको थियो । उक्त कार्यक्रममा व्यवस्थापिक संसद सार्बजनिक लेखा समितिका माननीय सभापती श्री डोरप्रसाद उपाध्यायले सार्बजनिक बित्तीय सुशासनको लागि महालेखापरीक्षक र सार्वजनिक लेखा समितिले मात्र नभई सञ्चार माध्यमहरुको समेत महत्वपूर्ण भुमिका रहने हुदां सो अनुरुप योगदान हुने अपेक्षा गरिएको बताउनु भयो । माननीय महालेखा परीक्षकज्यूबाट संविधान ऐन कानून बमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताका पक्षहरुलाई विचार गरी लेखापरीक्षण गर्न कार्यालय दत्तचित्त रहने बताउनु भयो । उक्त अवसरमा कार्यालयले गरेका सुधारका प्रयासहरुको बारेमा समेत संचारकर्मीलाई जानकारी गराउनु भयो । साथै उहाँले लेखापरीक्षणको नतिजालाई जनस्तरसम्म पुर्‍याई वित्तिय अनुशासन कायम राख्न सार्वजनिक निकायहरुलाई दबाब दिने कार्यमा संचार क्षेत्रको भूमिका महत्वपूर्ण रहने हुदाँ सहकार्य गर्नुपर्ने मन्तव्य राख्नु भएको थियो ।

## ११. लेखापरीक्षणको वार्षिक कार्यतालिका तथा योजना तयारी

आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण गर्न अपनाईने नीति, उद्देश्य, कार्य संचालन प्रक्रिया र मूख्यमूख्य तिथिमिति उल्लेख भएको लेखापरक्षिणको वार्षिक कार्यतालिका तयार गरी नेपाल सरकारका मूख्य सचिवलाई २०७४।०३।३१ मा उपलव्ध गराईएको छ । यसका साथै २०७४।७५ को वार्षिक लेखापरक्षिण योजना समेत तयार गरी लागू गरिएको छ ।

उक्त कार्य तालिका र योजनावारे जानकारी दिन २०७४ श्रावण १८ गते माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालज्यूबाट मुख्य सचिव श्री राजेन्द्रकिशोर क्षेत्री, महासचिव व्यवस्थापिका संसद सचिवालय श्री मनोहरप्रसाद भट्टराई, मुख्य रजिष्टार श्री नहकुल सुवेदी र नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुको समुपस्थितीमा आर्थिक वर्ष २०७३/७४ को अन्तिम लेखापरीक्षण योजना सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त छलफलमा महालेखा परीक्षकज्यूले आर्थिक वर्ष २०७३/७४ को अन्तिम लेखापरीक्षण तीन चरणमा सम्पन्न गर्ने गरी २०७४ साल श्रावण १५ गतेबाट २०७४ साल माघ मसान्तसम्म लेखापरीक्षण टोली खटाइने कार्यक्रम रहेको जानकारी गराउनु भयो ।

नेपालको संविधानमा व्यवस्था भए बमोजिम नेपाल सरकारका सबै निकायहरु तथा नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालीत सार्वजनिक संस्थानहरु सहित करिब ५५०० निकायहरुको नियमितता र वित्तिय लेखापरीक्षण, ६२ विषयको सामयिक, १० विषयमा कार्यमूलक, १/१ विषयमा वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गरिने जानकारी गराउनुभएको थियो । साथै उहाँले यस वर्षबाट लेखापरीक्षणले निकायहरुको सार्वजनिक जवाफदेहिता सूचकहरु मार्फत मूल्यांकन गरि वित्तिय अनुशासन पालनाको ग्रेडिङ गर्ने परिपाटी आरम्भ गर्ने बताउनु भएको थियो । लेखापरीक्षणको समयमा आवश्यक परे प्राविधिक तथा स्थलगत निरिक्षण गरिने, सार्वजनिक निकायले गरेका काम कारवाही उपर आम नागरिकले लेखापरीक्षण टोलीसँग गुनासो राख्न सक्ने अवगत गराउनु भयो । लेखापरीक्षण गरिने निकायले वित्तिय विवरणहरु र श्रेस्ता समयमा उपलब्ध गराउने र आफ्नो मन्त्रालयसंग सम्वन्धित सार्वजनिक संस्थाहरुमा लेखापरीक्षण हुने वातावरण तयार गर्न सबै लेखा उत्तरदायी अधिकृतहरुलाई आग्रह गर्नुभयो ।

## १२. लेखापरक्षिण टोली खटाईएको तथा टोलीलाई निर्देशन

कार्यालयको वार्षिक योजना तथा कार्यतालिका बमोजिम लेखापरीक्षण गर्न खटाईएका टोलीलाई २०७४ श्रावण १५ गते माननीय महालेखा परीक्षकज्यूबाट कर्मचारीहरुले पालना गर्नु पर्ने आचारण, लेखापरीक्षणको विधि, स्थानिय तहको लेखापरीक्षण, लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा निर्देशन दिनुभएको छ । महालेखा परीक्षकको कार्यालयले यस बर्ष सबै कार्यालयको लेखापरीक्षण गर्ने, लेखापरीक्षण गर्दा खर्चको उपलब्धिमा जोड दिनुपर्ने, बजेट व्यवस्थापन, योजना कार्यान्वयन, राजस्व, खरिद व्यवस्थापनमा जोड दिई लेखापरीक्षण गर्नुपर्ने निर्देशन दिनु भयो । साथै महालेखा परीक्षकको कार्यालयले वित्तीय लेखापरीक्षणको साथ साथै कार्यमुलक लेखापरीक्षणमा पनि जोड दिने कार्यालयको नीति रहने बताउनु भयो ।

## १०. लेखापरीक्षण कार्यको अनुगमन तथा सुपरिवेक्षण

लेखापरीक्षणको गुणस्तर वृद्धि गर्न प्रत्येक चरणको काममा उच्च पदाधिकारीवाट अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने व्यबस्था विभिन्न लेखापरीक्षण मार्गदर्शनले गरे बमोजिम २०७४/०४/३० बाट पूर्वाधार विकास महाशाखा प्रमुख उप-महालेखा परीक्षक मोहदत्त तिमिल्सिनाको नेतृत्वमा भौतिक निर्माण तर्फ, संवैधानिक निकाय, सुरक्षा तथा स्थानीय विकास महाशाखा प्रमुख उप-महालेखा परीक्षक श्री बाबुराम गौतमको नेतृत्वमा संवैधानिक निकाय, रक्षा, गृह, महिला, विज्ञान र वातावरण, संघिय मामिला तथा स्थानिय विकास तर्फ र उप-महालेखा परीक्षक श्री रामुप्रसाद डोटेलको नेतृत्वमा अर्थ मन्त्रालय र स्वास्थ्य तथा उद्योग भुमिसुधार अन्तर्गतका निकायहरुको लेखापरीक्षण कार्यको अनुगमन तथा सुपरीवेक्षण कार्य तोकिएको छ । संगठन विकास तथा व्यवस्थापन महाशाखा प्रमुख उप-महालेखा परीक्षक श्री ईश्वर नेपालको नेतृत्वमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय बिमा संस्थान, राष्ट्रिय बिमा कंम्पनी, खाद्य संस्थान र नागरिक

उडड्यान प्राधिकरणको अनुगमन कार्य सम्पन्न भएको र क्रमश संगठित संस्थाहरुको सुपरीवेक्षण गर्ने कार्यक्रम रहेको छ ।

## १३. लेखापरीक्षण सल्लाहकार समितिको वैठक सम्पन्न

महालेखा परीक्षकको अध्यक्षतामा २०७४ भाद्र ६ गते लेखापरीक्षण सल्लाहकार समितिको नवौं बैठक सम्पन्न भएको छ । उक्त बैठकमा वार्षिक लेखापरीक्षण योजना, स्थानीय तहको लेखापरीक्षण, महालेखा परीक्षकको ६ वर्षे कार्ययोजना कार्यान्वयन, लेखापरीक्षण नियमावली तथा सेवा सञ्चालन नियमावली, संगठनात्मक व्यवस्था र कार्यप्रणाली र दीगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धी लेखापरीक्षणका विषयमा छलफल भयो । छलफलको क्रममा देशको संघीय ढाँचा अनुरुप महालेखा परीक्षकको कार्यालयको संगठनात्मक संरचना र कार्यप्रणालीमा परिवर्तन गर्नुपर्ने, लेखापरीक्षण ऐन, कानूनको परिमार्जन आर्थिक तथा प्रशासनिक स्वायत्तता हासिल गर्नुपर्ने, लेखापरीक्षणको गुणस्तरमा अभिवृद्धि गर्नुपर्ने, कार्यमूलक लेखापरीक्षणमा जोड दिनुपर्ने, सार्वजनिक कोषको उपयोगको अवस्थालाई आम नागरिकमा सु-सुचित गराउन आवश्यक व्यवस्था गर्नुपर्ने विपयहरुमा सुझाव प्राप्त भएको छ ।

## १४. कार्यालयको भवन निर्माण कार्यवारे

कार्यालयको अनामनगरमा निर्माण हुने भवनको कार्य समयमै सम्पन्न गर्न शहरी विकास तथा भवन निर्माण विभागका पदाधिकारीहरु र निर्माण व्यवसायीलाई महालेखा परीक्षकज्यूवाट पटक पटक निर्देशन दिनु भएको छ । साथै महालेखा परीक्षकज्यू आफैले समेत पटकपटक निर्माण स्थलको अवलोकन गर्नु भएको छ । यस क्रममा आषाढ २०७४ देखि निर्माण कार्य शुरु भएको छ ।

## १५. राष्ट्रिय तथा अन्तराष्ट्रिय तालीम, गोष्ठी, सेमिनारमा सहभागिता

विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय तालीम, गोष्ठी, सेमिनारमा कर्मचारी पठाईएको छ । तालीम, अर्न्तराष्ट्रिय गोष्ठी, सेमिनारमा २०७४ जेष्ठ देखि आषाढसम्म करिव ४० जना कर्मचारीको मनोनयन तथा भ्रमण भएको छ । महालेखा परीक्षकको कार्यालयवाट राजश्व लेखापरीक्षण तालिममा ४० जना, कार्यमूलक लेखापरीक्षण तालिममा ३७ जना, नेप्सास तालिम ३८ जना, पेशागत निरन्तरता तालिममा ३९० जना, सार्वजनिक खरिदको लेखापरीक्षण तालिममा १३८ जना, दीगो विकास लक्ष्य लेखापरीक्षण तयारी सम्वन्धि कार्यशाला, पुनःनिर्माण तथा पुनःस्थापना सम्वन्धी कार्यमूलक लेखापरीक्षण कार्यशाला, आयोजनाको वित्तीय विवरण परीक्षण सम्वन्धी कार्यशाला लगाएतका तालिम तथा अभिमुखीकरण कार्यक्रमहरुबाट कर्मचारीहरु प्रशिक्षित भएका छन् ।